# सुरक्षाकर्मी करारमा आपूर्ति गर्ने सम्बन्धी बोलपत्र आह्वानको सूचना

## बोलपत्र नं. प्र. १-१/०७६-७७

(प्रथमपटक प्रकाशित मिति : २०७७/०३/०६ )

यस उद्योगलाई सुरक्षाकर्मीहरु करारमा लिई सुरक्षा सम्बन्धी कामहरु गराउनु पर्ने भएको हुँदा ईच्छुक योग्य रजिष्टर्ड सुरक्षा आपूर्ति सम्बन्धी कार्य गरिरहेको फर्महरुबाट रीत पुर्बकको बोलपत्र आह्वान गरिन्छ ।

१. बोलपत्र फाराम उदयपुर सिमेण्ट उद्योग लि., जलजले, उदयपुरबाट प्रति थान रु.५,०००/-(पाँच हजार रुपैंया मात्र) तिरी यो सूचना गोरखापत्र दैनिकमा प्रथम पटक प्रकाशित भएको मितिले ३०(तीस) औं दिन मिति २०७७/०४/०५ गते दिनको १:०० बजे भित्र खरिद गरी सोही दिनको २:०० बजेभित्र उद्योगमा दर्ता गराईसक्नु पर्ने छ । प्राप्त बोलपत्रहरु सोही दिनको ३:०० बजे बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधीको उपस्थितिमा (उपस्थित नभए पनि) उद्योगको प्रधान कार्यालय, जलजले, उदयपुरमा खोलिने छ । तोकिएको मिति र समय पछि प्राप्त भएको तथा रीत नपुगेको बोलपत्र उपर कारबाही गरिने छैन ।

२. बोलपत्र शिलबन्दी खाम भित्र हुनुपर्ने छ । सो खामको बाहिरी भागमा सुरक्षाकर्मी करारमा आपूर्ति गर्ने सम्बन्धी बोलपत्र नं. प्र. १-१/०७६-७७ लेखिएको हुनुपर्ने छ ।

३. बोलपत्रदाताले आफुले कबुल गरेको रकम अंक र अक्षरमा स्पष्ट लेख्नु पर्ने छ । अंक र अक्षरमा लेखिएको फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइने छ ।

४. **e-Bidding** को लागि उद्योगको website www.ucil.org.np मार्फत बोलपत्र दाखिला गर्न सकिने छ । सो को लागि उद्योगको तल उल्लेखित खाताहरुमा रु.५,०००/– (पाँच हजार रुपैंया मात्र) जम्मा गरेको सक्कल बैंक भौचरको स्क्यान कपि समावेश गर्नु पर्ने छ ।

५. शिलबन्दी बोलपत्र पेश गर्दा आफुले कबुल गरेको कुल मूल्यको २.५% (अढाई प्रतिशत) ले हुने रकम यस उद्योगको नाममा गाईघाट, उदयपुर स्थित राष्ट्रिय बाणिज्य बैंकको चल्ती खाता नं. ५३६, ग्लोबल आईएमइ बैंक लि. को खाता नं.२२०१०१००००१६७ र जलजले स्थित सनराईज बैंक लि. को खाता नं.०२९१००९६४३००१२ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा बोलपत्र बुझाउने अन्तिम मितिबाट कम्तिमा १२० दिन मान्य हुने अवधि भएको **क** बर्गको बाणिज्य बैंकबाट जारी ग्यारेण्टी पत्र पेश गर्नु पर्ने छ । विडवण्ड नराखी बोलपत्र पेश गरेमा त्यस्ता बोलपत्र उपर कारबाही हुने छैन ।

६. शिलबन्दी बोलपत्रद्वारा प्राप्त सबै भन्दा घटी अंकको बोलपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस उद्योगमा सुरक्षित रहने छ ।

७. बोलपत्र बिक्री गर्ने, बुझाउने तथा खोलिने अन्तिम मितिमा सार्बजनिक विदा पर्न गएमा क्रमश: सो दिनको भोलि पल्ट विक्री गर्ने, बुझाउने तथा खोलिने कार्य हुने छ ।

८. बोलपत्र साथ अनिवार्य रुपमा आफुले काम गरेको अनुभवको प्रमाणपत्र सुरक्षाकर्मी आपूर्ति गर्ने सम्वन्धि फर्म दर्ता प्रमाण पत्र आ.व.२०७५/०७६ को कर चुक्ता प्रमाण पत्र र मु.अ.करको प्रमाण पत्र नोटरी पब्लिकबाट प्रमाणित गरी समावेश गर्नु पर्ने छ ।

९. सुरक्षाकर्मीहरु भूतपूर्व नेपाली सेना, सशस्त्र प्रहरी वा जनपथ प्रहरीबाट अवकाश प्राप्त ब्यक्ति मात्र हुनु पर्ने छ ।

१०. बोलपत्रमा उल्लेख गरिएको बाहेक अन्य शर्तहरु राखिएको बोलपत्र स्वीकृत गरिने छैन ।

११. अन्य जानकारीको लागि उद्योगको प्रधान कार्यालय, जलजले, उदयपुरमा सम्पर्क राख्न सकिने छ ।

उदयपुर सिमेण्ट उद्योग लि.
प्रधान कार्यालय, जलजले, उदयपुर

# बोलपत्रका शर्तहरु

१. सुरक्षाकर्मी करारमा आपूर्ति गर्ने सम्वन्धि बोलपत्र उदयपुर सिमेण्ट उद्योग लि. प्रधान कार्यालय जलजले, उयपुरमा पेश गर्नु पर्ने छ । **E-Bidding** को लागि उद्योगको Website www.ucil.org.np मार्फत बोलपत्र दाखिला गर्न सकिने छ । सो को लागि यस उद्योगको सुरक्षाकर्मी करारमा आपूर्ति गर्ने सम्बन्धि बोलपत्र आह्वानको सूचना खण्डमा उल्लेखित खाताहरुमा रु. ५,०००/– (पाँच हजार रुपैंया मात्र) जम्मा गरेको सक्कल बैंक भौचरको स्क्यान कपि समावेश गर्नु पर्ने छ ।

२. **बोलपत्रमा निम्न विवरणहरु समावेश हुने छन ।**

(क) बोलपत्र आह्वानको सूचना ।
(ख) बोलपत्रका शर्तहरु ।
(ग) निवेदन तथा बोलपत्र साथ पेश गर्नु पर्ने कागजातहरु ।
(घ) संझौता पत्रको मस्यौदा ।
(ङ) दररेट तालिका ।

३. **सुरक्षा कर्मीहरु देहाय बमोजिम आपूर्ति गर्नु पर्ने छ ।**

(क) प्लाण्टमा तीन सिफ्ट हेर्ने गार्ड कमाण्डर - ३ (तीन)
(ख) खानीमा तीन सिफ्ट हेर्ने गार्ड कमाण्डर - १ (एक)
(ग) सुरक्षाकर्मीहरु - ६६ (छैसठ्ठी जना)

४. गार्डकमाण्डर हकमा नेपाली सेनाबाट कम्तीमा सुवेदार तथा नेपाल प्रहरीको अ.स.ई. पदबाट अवकाश प्राप्त हुनुपर्ने छ ।

५. बोलपत्रदाता कम्पनी वा फर्मले कम्तीमा पनि चालु आ.व. ०७५/७६ मा ३०० (तीन सय) सुरक्षाकर्मी परिचालन गरि रहेको हुनुपर्दछ । सो को आधार पत्र पेश गर्नु पर्ने छ ।

६. बर्तमान अवस्थामा कम्तीमा पनि ५ (पाँच) वटा सरकारी संघ सस्था तथा कार्यालयहरुमा सुरक्षाकर्मी आपूर्ति गरीरहेको हुनुपर्ने छ । सो को प्रमाण पेश गर्नु पर्ने छ ।

७. गत आ.व. मा वोलपत्रको रकम भन्दा कम्तीमा दोब्बर रकमको सुरक्षाकर्मी आपूर्ति सम्बन्धी कारोवार गरेको हुनुपर्ने छ । उक्त आ.वा.को वासलात/नाफा नोक्सान को कागजात पेश गर्नुपर्ने छ ।

८. सुरक्षाकर्मी आपूर्तिकर्ता कम्पनी वा फर्मको नाममा बैंकमा नगद मौज्दात वा Credit Line बोलपत्रमा कबोल गरेको अंकको कम्तीमा ४०% हुनु पर्ने छ ।

९. कम्पनी तथा फर्मको चुक्ता पूँजी कम्तीमा २०,००,०००।-(बीस लाख रुपैंया मात्र) को हुनु पर्ने छ ।

१०. सुरक्षा गार्ड उपलब्ध गराउने बोलपत्रदाता वा कम्पनीले नेपाल सरकारको प्रचलित श्रम ऐनको दायरामा रही तलव, सेवा-सुविधा सञ्चयकोष कट्टी, उपदान, उपचार खर्च तथा वीमा सुविधा उपलब्ध गराई कार्य सम्पादन गर्नु पर्ने छ । साथै बोलपत्रदाताले श्रम ऐन बमोजिम सुरक्षागार्डहरुको संचयकोष कट्टी गरेको फाँटवारी वा रकम तिरेको विवरण वोलपत्र साथ पेश गर्नु पर्ने छ ।

११. प्रत्येक सुरक्षा गार्डको जुनसुकै प्रकारको दूर्घटनालाई २४ घण्टा नै समेटने गरी कम्तीमा ७,००,०००।-(सात लाख रुपैंया मात्र) रुपैया बराबरको दूर्घटना वीमा गराई प्रिमियम तिरेको विवरण सम्झौताका बखत पेश गर्नु पर्ने छ ।

१२. श्रम ऐनमा व्यवस्था भए बमोजिम प्रत्येक श्रमिकको कम्तिमा रु १,००,०००।-(एक लाख रुपैयाँ मात्र) बरावरको औषधी उपचार बीमा उपलब्ध गराउनु पर्नेछ ।

उदयपुर सिमेण्ट उद्योग लिमिटेड UDAYAPUR CEMENT INDUSTRIES LIMITED

१३. सुरक्षाकर्मीको पारिश्रमिक विल प्राप्त भएको तेश्रो महिना पश्चात मात्र भुक्तानी दिइने छ ।

१४. सुरक्षाकर्मी आपूर्ति सम्बन्धी कार्य विवरण तथा १०(दश) वर्षको कार्य अनुभवको प्रमाण पेश गर्नु पर्ने छ ।

१५. सुरक्षाकर्मीलाई १ (एक) महिनाको तलब बराबर दशैं खर्च आपूर्तिकर्ताले उपलव्ध गराउनु पर्ने छ । सोहि बमोजिमको बोलपत्रमा दर रेट उल्लेख गर्नु पर्ने छ ।

१६. सुरक्षाकर्मीलाई फिल्ड ड्रेस, फिल्ड बुट, ज्याकेट आपूर्तिकर्ताले अनिवार्य उपलव्ध गराउनु पर्ने छ ।

१७. सूचना र संझौतामा उल्लेख भए बमोजिमको कागजातहरु बोलपत्र साथ अनिवार्य रुपमा पेश गर्नु पर्ने छ ।

१८. बोलपत्र साथ पेश गरिनु पर्ने कागजातहरुको प्रत्येक पानामा बोलपत्रदाताको हस्ताक्षर हुनु पर्ने र प्रेषित कागजातमा फर्मको छाप तथा नोटरी पब्लीकबाट प्रमाणित गराई अनिवार्य रुपमा पेश गर्नु पर्ने छ ।

१९. शिलबन्दी बोलपत्र पेश गर्दा आफुले कबुल गरेको दुई बर्षको करार रकम वरावर हुने कुल मूल्यको २.५% (अढाई प्रतिशत) ले हुने रकम यस उद्योगको नाममा गाईघाट, उदयपुर स्थित राष्ट्रिय बाणिज्य बैकको चल्ती खाता नं. ५३६, ग्लोबल आईएमइ बैक लि. को खाता नं.२२०१०१००००१६७ र उद्योगको प्रधान कार्यालयको कम्पाउण्ड भित्र रहेको सनराईज बैक लि. को खाता नं.०२९१००९६४३००१२ मा जम्मा गरेको सक्कलै बैक भौचर वा कम्तीमा बोलपत्र बुझाउने अन्तिम मितिबाट १२०(एकसय बीस) दिन मान्य हुने अवधि भएको **क** बर्गको बाणिज्य बैकको ग्यारेण्टी पत्र पेश गर्नु पर्ने छ । विडवण्ड नराखी पेश गरेको बोलपत्र अस्वीकृत हुने छ ।

२०. **<u>निम्न हकमा उद्योगले धरौटी रकम जफत गर्न सक्नेछ ।</u>**

(क) बोलपत्रदाताले आफ्नो बोलपत्र उद्योगको नियम विपरित फिर्ता लिएमा ।

(ख) स्वीकृत बोलपत्रदाताले म्याद भित्र संझौता गर्न नआएमा वा परफरमेन्स वण्ड बापतको रकम पेश नगरेमा ।

२१. स्वीकृत बोलपत्रदाता संग संझौता भए पछि अन्य बोलपत्रदाताको विडवण्ड बापतको धरौटी फुकुवा गरिने छ ।

२२. बोलपत्र स्वीकृत भएको सूचना प्राप्त गरेको मितिले १५ (पन्ध्र) दिन भित्र आफुले कोट गरेको मूल्यको ५% (पांच प्रतिशत) ले हुने परफरमेन्स बैक ग्यारेण्टी माथि उल्लेखित दफा ९ मा उल्लेख गरिएको बैकमा नगद जम्मा गरेको सक्कलै बैक भौचर वा ३० (तीस) महिना मान्य अबधि भएको **क** बर्गको बाणिज्य बैकबाट उद्योगको नाममा जारी बैंक ग्यारेण्टी स्वीकृत बोलपत्रदाताले पेश गर्नु पर्ने छ ।

उदयपुर सिमेण्ट उद्योग लिमिटेड
UDAYAPUR CEMENT INDUSTRIES LIMITED
2044
1987

# उदयपुर सिमेण्ट उद्योग लि.को

## सिलबन्दी बोलपत्रको सूचना

प्रथम पटक प्रकाशित मिति २०७७/०३/०६ (2020/ 06 /20)

उद्योगका बोलपत्र नं.प्र.१-१/०७६-७७ अन्तर्गत सुरक्षाकर्मी आपूर्तिका लागि ईजाजत प्राप्त ईच्छुक फर्महरुबाट रित पूर्बकको बोलपत्र आव्हान गरिएको छ । सूचना अन्तिम म्याद र अन्य सम्बन्धि विस्तृत विवरण उद्योगको वेबसाईट www.ucil.org.np मा राखिएको छ । सूचना तथा शर्तको आधारमा उद्योगको प्रधान कार्यालयमा बोलपत्र दर्ता गर्न वा अनलाइन मार्फत अफर (E-Bidding) पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । साथै थप कुनै जानकारी लिनु परेमा प्रधान कार्यालयमा सम्पर्क गर्नु हुनका साथै अनलाइन मार्फत अफर पेश गर्ने अफरदाताले अफर दर्ता गर्ने अन्तिम मितिबाट ७ (सात) दिन भित्रमा सक्कल डकुमेण्ट उद्योगमा पेश गर्नु हुन समेत अनुरोध छ ।

नोटः-बोलपत्रदाताले (सक्कल -१ + फोटोकपी-२) गरी तीन प्रति प्रस्ताव पेश गर्नु पर्ने छ ।